# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, भदौ २४ गते २०५९ साल (संख्या २२


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय, विज्ञान तथा प्रविधि अध्ययन संस्थानले कम्प्युटर विज्ञान तथा सूचना प्रविधिको एम. एस्सी. कक्षा सञ्चालन गर्न आयात गर्ने अमेरिकी डलर ४,३८०.०० मूल्य बराबरको शैक्षिक सामग्रीहरू (मल्टि मिडिया प्रोजेक्टर– १, पोर्टेवल स्क्रिन १ र कम्प्युटरहरू) मा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी सिद्धी स्मृति स्वास्थ्य सेवा केन्द्र, भक्तपुरले सिद्धि स्मृति महिला तथा बाल अस्पतालको प्रयोजनार्थ नेपाल हिल्फे बेंनिग्रोस नामक सस्था (जर्मनी) बाट सहयोग स्वरुप प्राप्त गर्ने युरो २,०००.०० मूल्य बराबरको ब्याण्डेजहरूको आयातमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

992

## सूचना ३

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी रोटरी क्लब अफ काठमाण्डौं मिड-टाउन नामक संस्थालाई अमेरिकाको M/S Wheel Chiar Foundation बाट सहयोग स्वरूप प्राप्त हुने अमेरिकी डलर ३९,०००.०० मूल्य बराबरको २४० थान ह्वील चेयर आयात गर्दा लाग्ने भन्सार महसूल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी मनमोहन स्मृति प्रतिष्ठानलाई काठमाडौं निवासी श्री मथुरा मास्केबाट उपहार स्वरूप प्राप्त हुने भा. रू ५,८५,०२५।- मूल्य बराबरको महेन्द्रा बलेरो जीप आयात गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्य कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ५

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरलाई सहयोग स्वरुप प्राप्त हुने अमेरिकी डलर ३६,७१२.०० मूल्य बराबरका उपकरण तथा सामाग्री र अस्पतालले पैठारी गर्ने भा.रू. ४३,३३,६५०।- र युरो २६,३७५.०० मूल्य बराबरको सामाग्री आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ६

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी बाढी पहिरो पिडितहरूलाई राहत स्वरूप मित्र राष्ट्र जापानबाट प्राप्त सहयोग रू. ६५,५०,०००।- मूल्य (तौल ६५२२ कि.ग्रा.) बराबरको ३० थान टेण्ट र २२८० थान कम्बलहरूको आयातमा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११४

## सूचना ७

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी Save the Children, Norway ले केन्द्रीय बाल कल्याण समितिको सचिवालयलाई हस्तान्तरण गर्ने बा १ च ५६८२ नंबरको मित्सुबिसी जापानिज पजेरो गाडी नामसारी गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी Japan Relif Clothing Centre, Osaka Japan ले Mustang Development Service Association (M.D.S.A) लाई राहतको लागि सहयोग स्वरूप उपलब्ध गराउने १० टन कपडा आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर एक पटकको लागि छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी कान्तिपुर स्कूल अफ डेन्टिष्ट्री, महाराजगञ्जलाई बुद्धिवंगारा नामक जापानिज संस्थाले सहयोग स्वरूप उपलब्ध गराउने जापानिज येन १३,५५, ११०.०० मूल्य बराबरको दन्त उपकरण, औजार तथा स्वास्थ्य सम्बन्धी शैक्षिक सामग्रीहरू आयात गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १०

श्री ५ को सरकारले आर्थिक अध्यादेश २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिकाले "हनुमान ढोका दरबार क्षेत्र वातावरणीय सुधार तथा सौन्दर्य" कार्यक्रम अन्तर्गत मित्र राष्ट्र जापान सरकारबाट सहयोग स्वरूप प्राप्त गर्ने अमेरिकी डलर ६,२११.०० मूल्य बराबरको एक थान TATA MOBILE CREW CAB PICK UP र अमेरिकी डलर ५७१७.०० मूल्य बराबरको TATA MOBILE PICK UP एक थानको खरिदमा लाग्ने भन्सार महसुल एक प्रतिशत असुल गरी बाँकी भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ११

श्री ५ को सरकारले आयकर ऐन, २०५८ को दफा १२ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी प्रधानमन्त्री राहत कोषमा दिएको चन्दा रकम कर प्रयोजनको लागि खर्च लेखन पाइने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना १२

श्री ५ को सरकारले आर्थिक अध्यादेश, २०५९ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जले Shoresh Enterprise, Singpoore बाट अमेरीकी डलर ४,५००.०० मूल्य बराबरको 50 Packets, Echo UPC 1010 Video Colour Printing Paper आयत गर्दा लाग्ने भन्सार महसुल १ प्रतिशत असुल गरी बाँकी भन्सार महसुल छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,

प्रमोदकुमार कार्की

सह सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## भूलसुधार

खण्ड ५२ अतिरिक्ताङ्क ३० नेपाल राजपत्र भाग २ मिति २०५६।३।२४ मा प्रकाशित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (पहिलो संशोधन) ऐन, २०५६ को पेज नं. ६ को अन्तमा "मध्येबाट मनोनीत गरेका तीन जना-सदस्य" हुनु पर्नेमा तीनजना सदस्य भन्ने शब्दहरू छुट हुन गएकोले सच्याइएको छ ।

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

996

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।